# <u>देशको माटो</u>

पं. तीर्थ राम झा

म डुल्दै आज सबलाई, चिनाउँ देशको माटो ।
जहाँ जाउँ सधैं संझू , म आफ्नै देशको माटो ॥

म परदेशी बनी आफ्ना, सबै नेपाली बान्धबमा ।
विदेशी रङ्ग धमिल्याई, छरुँ यो देशको माटो ॥

सबैमा भित्र रङ्गिएको पखाली स्वार्थको टाटो ।
म पोतूँ एकता रसले, भिजाई देशको माटो ॥

लगाई राष्ट्रकै पहिरण, मिठो मानी पिठो–आँटो ।
उठाई हात हिम्मतले, अड्याउँ देशको माटो ॥

सबै नेपाल सन्ततिमा, स्वदेशी भावना खँदिलो ।
जगाई विशमा पारुँ, सुनौलो देशको माटो ॥

भानु जयन्ती, जुलाई १४, २०१२
एड्मन्टन् क्यानाडा ।